अछाम जिल्ला रामारोशन गाउँपालिका-२ चाफामाण्डौ
घटनाका सम्बन्धमा तयार पारिएको

# प्रारम्भिक स्थलगत अनुगमन प्रतिवेदन

२०७७ असोज

## घटना भएको मितिः

२०७७ भदौ ११ गते बिहान करिब ६ बजेतिर

## घटना भएको स्थानः

अछाम जिल्लाको रामारोशन गाउँपालिका-२, चाफामाण्डौं

## स्थलगत अध्ययन/अनुगमन गरिएको मितिः

२०७७ भदौ १८ गतेदेखि १९ गतेसम्म

## स्थलगत अध्ययन/अनुगमन टोलीः

- शिवराज ढुंगाना, जिल्ला प्रतिनिधि, इन्सेक, अछाम
- धनराज साउँद, पत्रकार, रेडियो बान्नीगढी, अछाम
- कमलकुमार रावल, पत्रकार, रेडियो रामारोशन, अछाम

## स्थलगत अध्ययन/अनुगमन गरिएका स्थानहरूः

- अछाम, रामारोशन गाउँपालिका-२ चाफामाण्डौंस्थित घटनास्थल
- प्रकाश टमट्टा र मृतक केशरी रावल भेटिएको भनिएको घर स्थान
- रामारोशन गाउँपालिका-२ वडा कार्यालय
- प्रकाश टमट्टा घर
- मृतक केशरी रावलको घर

## अध्ययनको उद्देश्यः

अछाम जिल्ला रामारोशन गाउँपालिका-२ चाफामाण्डौमा प्रकाश टमट्टा र केशरी रावलसम्बद्ध घटनाका विषयमा स्थलगत अध्ययन, अनुगमन र अवलोकन गरी घटना प्रतिवेदन तयारी गर्नु ।

## अध्ययन विधिः

- घटनाको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन
- भेटघाट तथा छलफल
- सूचना तथा तथ्य सङ्कलन

## पृष्ठभूमि

अछाम जिल्ला रामारोशन गाउँपालिका-२ चाफामाण्डौकी १५ वर्षीया केशरी रावल घरभन्दा करिब तीनसय मिटर माथीको रुखमा झुण्डिएको अवस्थाको मृत्यु अवस्थामा १२ गते भेटिइन् । अघिल्लो बिहान अर्थात ११ गते बिहान करिब ६ बजेतिर छिमेकी १७ वर्षीय प्रकाश टमट्टा केशरीसँगै केशरीकै घरको टुप्पाको तालामा एकै ओछ्यानमा सुतिरहेको अवस्थामा २०७७ भदौ ११ गते करिब ५ बजेतिर केशरीका आफन्तले देखेपछि । एकैसाथ सुतेको भन्दै प्रकाशलाई आफन्तले केही कुटपिट गरे भने केशरी मृत अवस्थामा भेटिए । सो घटनाकासम्बन्धमा इन्सेकसहित मानव अधिकार रक्षकका प्रतिनिधिले भदौ १८ गतेदेखि १९ गतेसम्म घटनास्थलको अनुगमन, घटनाका घाइते, स्थानीय, घटनाका आरोपितका साथै सरोकारवालासँग भेटघाट तथा छलफल गरी तयार पारेको स्थलगत प्रतिवेदनको सारांश यसप्रकार रहेको छ ।

## घटनाको सारांश

केशरी रावलको घर भन्दा करिब दुईसय मिटर तल प्रकाश टमट्टाको सानो घर छ । एकै उमेरमा रहेका प्रकाश र केशरी बाल्यकालदेखि संगसंगै रहँदै आएका छन् । वडामै रहेको राष्टिय माध्यमिक विद्यालय चाफामाण्डौमा कक्षा ७ मा संगै अध्ययन गरेका थिए । स्कुलपछि घरमा काम नभएका बेलामा प्रकाश केशरीको घरमा आउजाउ गरिरहेका हुन्थे । केशरी र प्रकाश दुवै घरपरिवारले सदस्यले दुवै जनाको भेटघाटलाई सामान्य रुपमा लिएको पाइन्छ । प्रकाशको घरबाट केशरीको घर पुग्न साधारणतया तीन मिनट समय लाग्छ । दुवै घरपरिवारको बीचमा सडक माथि केशरीको भइतल्लाहित तीन तलाको घर छ भने सडक तल प्रकाशको भुई तल्लासहित दुई तलाको सानो घर छ ।

प्रकाश टमट्टा २०७७ भदौ १० गते राती करिब २ बजेतिर केशरी सुतिरहेको कोठामा पुगेका बताइएको छ । २०७७ भदौ ११ गते बिहान करिब पाँच बजेअघिसम्म केशरीका आमाबुवा र दाजु, भाउजुलाई समेत पत्ता भएन । बिहान करिब ६ बजे केशरीका आमा माथिल्लो तला जाने क्रममा प्रकाश र केशरीसँगै रहेको देखेको थाहा पाएपछि प्रकाश टुप्पाको तलोबाट हाम फालेर घरतिर भागे । केशरीसँग बसेको र आफुले देख्दा भागेको प्रकाश नै हो भन्ने एकिन भएपछि घरका सदस्यले छिमेकीलाई समेत भनेपछि केही समयमै वरिपरीका केही मानिस केशरीका घरमा जम्मा भए । जम्मा भएका मध्येमा राम रावल, दीर्घ रावल, दिलु रावल, सुरेश रावल, विनय रावल र गोकुल रावलले प्रकाशलाई कुटपिट गरेको छ । कुटपिटका क्रममा छोरासहित आफुलाई जातिय रुपमा गालीगलौच गरेको र आफुलाई एकलाख १५ हजार रुपियाँ जरिवाना समेत मौखिक कबुल गराएको प्रकाशकी आमा कलावतीको भनाइ छ ।

प्रकाशलाई सोधपुछ भइरहेका बेलामा केशरी घरबाट भागेकी उनका परिवारको भनाइ छ । केशरीका घरका सदस्यले उनकी दिदी सोही वडाको कालापानीमा गएको अनुमानमा खोजि नगरेको भनाई छ । २०७७ भदौ १२ गते दिउसो केशरी घरभन्दा माथी करिब चारसय मिटर माथी रुखमा

झुण्डिएर मृत अवस्थामा फेला परिन् । मृततको २०७७ भदौ १४ गते अछाम अस्पतालमा शवको पोष्टमार्टमपछि आफन्तले शव बुझेर दाहसंस्कार गरिसकिएको छ ।

### घटनास्थलको विवरण

घटनास्थलबाट गाउँपालिकाको केन्द्र मुजाबगरमा पैदलबाट पुग्न करिब एक घण्टा समय लाग्छ । वर्षाका समयमा घटनास्थलसम्म विरलै मोटरसाइल पुग्ने अवस्था छ । पश्चिमपट्टी सोही गाउँपालिकाको वडा नम्बर १ मलातीकोट छ भने पूर्वपट्टी वडा नम्बर ३ शान्तडा रहेको छ । चाफामाण्डौ ब्राह्मण, क्षेत्री र दलित समुदाय आपसमा मिलेर बसेको ठाउँ छ । उक्त ठाउँमा अन्य भन्दा दलित जाति नै बढी बसोबास गर्ने गरेको पाइन्छ । चाफामाण्डौस्थित राष्ट्रिय भाषा माध्यामिक विद्यालय र वडा कार्यालयको पूर्व दक्षिण करिब आधा किलोमिटर नजिक घटनास्थल रहेको छ । घटनास्थल नजिकमा केशरीको घरको आगन तलबाट सडक काटिएको छ । सोही सडकको करिब २ सय मिटर तल प्रकाशको घर छ । प्रकाश र केशरीको टोलमा दलितका घर बढी रहेका छन् ।

### अनुगमन टोलीले फेला पारेको तथ्यहरू:

- केशरीको घरमा बिहानसम्म प्रकाश केशरीसँगै बसेको घरकाले देखेपछि भागेको पाइयो ।
- स्थानीयले प्रकाशलाई केही कुटपिट गरेको पाइयो ।
- अघिल्लो दिनबाट भागेकी केशरीको घर परिवारले राम्ररी खोजी नगरेको पाइयो ।
- प्रकाशलाई कुटपिट र केशरीको मृत्युलाई सामान्य घटनामा लिइयो ।
- दुवै पक्षले निकै ढिलो कानुनी प्रक्रियामा गएको पाइयो ।

### निष्कर्ष:

२०७७ भदौ ११ गते बिहान बिहान करिब ६ बजेतिर केशरी र प्रकाश एकै कोठामा साथमै भेटिएपछि घटनाको शुरुवाती भएको पाइएको छ । पछिल्लो दिन केशरी रुखमा मृत अवस्थामा भेटिनु र प्रकाशलाई कुटपिटको कारण सामाजिक परम्परालाई मान्न सकिन्छ । अविवाहित पुरुष र महिला एक आपसमा कुरा गर्दा समेत अस्विकार गर्ने समाजले गाउँमा कानुन विपरित गरिने बिहेका लागि योग्य मानिएका विपरित लिंगका व्यक्ति बिहानै एकैसाथ भेटिनुले स्थानीय परम्परावादी समाजलाई पाच्य हुँदैन । नेपालको संविधान २०७२ र प्रचलित अन्य कानुनले समेत व्यक्तिको बाँच्न पाउने अधिकार, कुटपिट, जातिय विभेद विभेदमुक्त बनाउने बाटो खनेपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सामाजमा रहेका रुढीबादी मूल्य मान्यता, परम्परा र संस्कारले कुनै न

कुनै समयमा भूमिका खेलेको पाइन्छ ।  नेपालको कानुन तथा संविधानले सबै प्रकारका हिंसा, विभेदलाई दण्डनीय मानेको छ ।

रामारोशन गाउँपालिका-२ चाफामाण्डौमा बालिकाको मृत्यु र बालकलाई कुटपिट गम्भीर मानविय विरुद्धको घटना हो । घरका सचेत अभिभावकले आफ्ना सन्तानको नियन्त्रण र नियमनको अभावका कारण बालबालिकामा हुने कमजोरीलाई लिएर दण्ड सजायको भागिदार बनाउन हुँदैन । चाफामाण्डौको घटनाले असल अभिभावकले आफ्ना सन्तानप्रतिको उदासिनता, केटाकेटीको उच्चतम ज्ञानको अभाव र समाज आँखालाई देखाइ दिएको छ । समाजमा भइरहेका विकृति र विसंगतीका पाटाहरुलाई यस घटनाले देखाइ दिएको छ । आधुनिक समाजमा मूल्य मान्यता, बालअधिकारसँगै कर्तव्य, कानुन आत्मसाथ गर्ने कुरामा धेरै कमी रहेको यस घटनाले देखाइ दिएको छ ।

घटनापछिका पाटाहरुमा गम्भीर अनुगमन, छानविन र अध्ययन गर्ने राज्यका निकायको कमजोरीका रुपमा रहेको छ । कसैले कुनै उजुरी गरेपछि मात्र राज्यका निकायले छानविन गर्नेतिर सक्रिय देखाउन भन्दा घटनाको धरातल बुझेर अघि बढ्न आवश्यक छ । राज्यका निकायसँगै तीनै तहका सरकार र तीनका प्रतिनिधि परिचालित भएर कानुनी राज्यसँगै शान्ति सुरक्षाको प्रत्याभूतिमा जोड दिन समेत आवश्यक देखिन्छन् ।

## सुझाव

- घटनाको निष्पक्ष छानबिनका लागि छानविन समिति गठन गरेर राज्यका निकायलाई थप सहयोग गर्नुपर्ने देखिन्छ ।
- घरका सचेत सदस्यले आफ्ना बालबालिका वा आश्रित व्यक्तिलाई निगरानीमा राख्नुपर्ने देखिन्छ ।
- समाजमा हुने सबै प्रकारका घटना, विभेद वा हिंसामा राजनीतिक दल, सञ्चार क्षेत्र, नागरिक समाजको एकीकृत पहलकदमी आवश्यक देखिन्छ ।
- घटनाका पीडित दुवै परिवारको मानसिक, सामाजिक र आर्थिक सुरक्षाको प्रत्याभूति आवश्यक देखिन्छ ।
- कानुनी राज्यको आभाषसँगै गल्ती गर्ने व्यक्तिले पहिला दण्ड सजायतिर ध्यान दिने अवस्था सिर्जना गर्न आवश्यक छ ।

## अनुसूची

## घटना सम्बन्धमा आरोपित, पीडित पक्ष, सरोकारवाला र स्थानीयबासीको भनाइ

### ○ प्रकाश टमट्टा

मेरो र केशरी रावल बीचमा तीन वर्षदेखिको माया प्रेम थियो । हामी एक अर्कालाई मन पराएर विवाह गर्ने योजनामा थियौं । म केशरीको घरमा जाने, केशरी मेरो घरमा आएर सुत्ने समेत गर्थ्यौ । भदौ ११ गते बिहान करिब ४ बजेतिर म उसको घरको टुप्पोको तलाको झ्लाबाट उ बस्ने कोठामा गएको थिएँ । केही पैसा जम्मा गरेर बिहे गर्ने हाम्रो सल्लाह थियो । बिहान करिब ६ बजेतिर केशरीका घरका आफन्तले केसरीसँगै म बसेको थाहा पाएपछि मपर्ना भागेर आधा घण्टा पर सानखेत गएर लुकेर बसेको थिएँ । केशरीका छिमेकी मलाई छोप्न आएपछि म दौडिएर करिब आधाघण्टा तल घटेटेखोलासम्म दौडिएँ । त्यहाँबाट मलाई राम रावल, दीर्घ रावल, सुरेश रावल, विनय रावल, गोकुल रावल लगायत मान्छेले छोपेर कुट्दै ल्याए । मेरो टाउको, छाति र पिठ्युमा हाने । तल्लो जातको राती राती हाम्रो घरमा आउने भनेर गाली गरे । केही घण्टापटि मलाइ घर पठाए । मलाई कुट्दै ल्याएपछि बेहोस भएँ केही थाहा भएन । केशरी कसरी मरी मलाई थाहा भएन । करिब १० दिनसम्म म घरमै बसेँ, कहिले करिब एकघण्टा समय लाग्ने मावली घर जान्थे । अहिले आमा मार्फत प्रहरीमा उजुरी दिएको छु । खै अब के हुन्छ ?

तर केही दिनअघि टोली घटनास्थल पुग्दा प्रकाशले आफु केशरीको घरमा भदौ राती चोरी गर्न गएको घरका मानिसहरुले देखेको थाहा पाएपछि भाग्ने क्रममा चोटपटक लागेको बताएका थिए । आफुलाई कसैले नकुटेको र केशरीको घरबाट भाग्ने क्रममा झ्यालमा टाउको ठोक्किएर सामान्य चोट लागेको बताएका थिए । आफुले १० हजार रुपियाँ चोरेको र भाग्ने क्रममा गहुँ पोखिएको वापत पाँच हजार गरेर जम्मा १५ हजार केशरीको परिवारमा फिर्ता गरिसकेको बताएका थिए । तर स्थानीयबाट कुटिने डरका कारण आफुले त्यसको भनेको बताउँदै आएका छन् ।

### ○ पदम रावल, मृतक केशरीका बुवा

छकालै (बिहानै) उन्ले (श्रीमतीले) प्रकाश र केशरीसँगै भयाको थाहा पाइ । हामीलाई भन्यापछि उ भागेर गयो । पछि ९/१० बजे वरीपरीका आएर त्यइलाई सोध्नु पर्‍यो भनेर ल्याया । हान्याको हैन हजुर, त्यतिका मान्छेले हान्या त त्यो मरिहाल्न्या (मरिहाल्ने) । प्रकाशलाई सोधपुछ भइरहेका बेलामा केशरी घरबाट भागिसकेकी थिइ । पछि थाहा पायापछि हामीले दिदीका घर कालापानी गइ होली भन्ने सोच्यौं । पछिल्ला दिन त झुन्डेकी फेला परि । प्रकाश र केशरीको प्रेमका बारेमा आफ्नो परिवारमा केही जानकारी छैन । गोरु चराउन र स्कुल जाने बेला बाहेक अरु बेलामा खासै भेट हुँदैन थ्यो । ती दुईको त्यसै थियो भने बिहे गरे हामी के भन्ने थियौ । यै गाउँमा रावलकी छोरी दलितले लिएको छ र हामीले हामीले तँ भनेका छैनौं । बाहिर (गाउँमा) १५ हजार रुपैया केशरीका परिवारले लियो भन्ने हल्ला रै छ हामीले एक रुप्याँपन पाएका छैनौं । छोरीपनि बदमास थिइ । हामी आमा बुवालाई समेत नराम्रै गाली दिन्थी । जे भएपनि आफ्नो सन्तान हो । मर्‍यापछि को राम्रो मान्ला ? त्यो मर्‍याका दिनदेखि हाम्रो मुखमा अन्न पानी गयाको छैन ।

○ **प्रकाशकी आमा कलावती टमट्टा**

म काम गरि खान्या मान्छे बिहानकै उठेर काम गइहाले । छोरो सुतेकै होला भन्ने भयो । पछि खाना खाने बेला बिहान ५/६ जनाले मेरो छोरा (प्रकाश) लाई परबाट कुट्दै केशरीका घरतिर लिए । मैले तलबाट मेरो छोराले के बिग्रायो ? नकुट भन्दा मलाई 'तँ डुमले धेरै नबोल' भने । त्यसपछि म बेहोस भइहाले । के भयो ? थाहा पाएन । मेरा छोराले तिर्न्या गरेर एकलाख १५ हजारको कागज बनाएको छ भन्ने सुनेकी छु । कागज हामीसँग छैन । छोरालाई कुट्याको, मलाइ गाली बेइज्जत गरेको मुद्धा हालेकी छु । न्याय पाइएला भन्नेमा छु । ती दुईको (प्रकाश-केशरी) माया प्रेम थियो भन्ने कुरा मैले थाहा पाएको छैन ।

तर यसअघि प्रकाशकी आमाले आफ्नो छोरा चोरी गर्न गएका बेलामा केशरीको घरबाट भाग्ने क्रममा सामान्य चोटपटक लागेको बताएकी थिइन् । छोरा प्रकाशले चोरेर ल्याएको १० हजार रुपियाँ र केशरीको घरबाट भाग्ने क्रममा पोखिएका गहुँवापतको पाँच हजार गरेर जम्मा १५ हजार जरिवाना तिरेको बताएका थिइन् । छोरा प्रकाश केशरीका आफन्तबाट कुटिने डरका कारण आफुले यसअघि छोरा चोरी गर्न गएको भनेको बताएकी छन् ।

**सरोकारवालाका भनाइहरू:**

- **चक्रबहादुर रावल, वडा अध्इक्ष, रामारोशन गाउँपालिका-२**

प्रकाश टमट्टा केशरीसँगै बिहानसम्म सुतेको घरकाले देखेकोले भागेकोले छलफलका लागि मलाई बोलाएर गएको हुँ । केटाहरुले सामान्य २/४ साँट (चोट) प्रकाशलाई हाने होलान् । ठूलो चोटपटकपनि केही छैन । जातियता भन्ने कुरा त्यसका कुनै केही छैन । आफ्नी छोरीसँग केटा बसेको भेटेपछि जोपनि रिसाउने नै हुन् । अहिलेको अवस्थामा कसैले कसैलाई गाली गर्ने, कुट्ने भन्ने छँदै छैन । फेरी हामी त दलित र गैरदलित दाई भाइ जस्तै गरि बसेका छौ । हाम्रो काम पर्दा उनीहरु आउने, उनको काम पर्दा हामी जान्छौ । विभेद भन्ने छँदै छैन । खै कसले के कारणले ठूलो बनाए ।

- **गणेश टमट्टा (प्रकाशका भतिजा)**

केशरीका घरमा सधै मोबाइल जाने गरेको र उसका दाईले भारतबाट ल्याएको पैसा राखेको देखेकोले चोर्न गएकोले मलाई सम्झाउने किसमले २/४ चोट हानेका हुन् । म चोरेर भाग्ने क्रममा चोटपटक लागेको हो कसैले मलाई कुटेको छैन मसँग प्रकाशले भनेको हो । मुद्धा मिलाउने हामीलाई अधिकार नभएपनि गाउँमै भएको चोरीलाई सामान्य रुपमा लिएर हामी दुवै परिवार समेत बसेर प्रकाशले चोरेको १० हजार र गहुँको भनेर पाँच हजार गरेर १५ हजार केशरीका परिवारलाई दिएका हौ । गाउँमा केटाकेटीले अन्जानमा गरेका गल्तीलाई बाहिर नलैजाउँ भन्ने दुवै परिवारमा सहमत भएका थियौ । ठूलो चोटपटक लागेको भए म

पनि चुप लागेर बस्ने थिएँन । मैले स्वास्थ्य उपचारमा जाउँ भन्दा मेरो स्वास्थ्यमा समस्या छैन भनेर प्रकाशले भनेको छ ।

प्रकाश र केशरीको माया प्रेमका बारेमा केही थाहा भएन । दलित र गैरदलित बीचमा कुनै यहाँ विभेद छैन । मर्दाको मलामी र ज्यूदाको जन्ती जस्तै भएर हामी दलित र गैरदलित दाईभाई, दिदीबहिनी जस्तै गरेर बसेका छौं । यहाँ हरेक राजनीतिक, सामाजिक पारिवारिक काममा समेत दलितको सहमान सहभागिता रहने गरेको छ ।

- **सरस्वती रावल, उपाध्यक्ष तथा न्याय समिति संयोजक, रामारोशन गाउँपालिका**

रामारोशन गाउँपलिका-२ चाफामाण्डौको घटनाका बारेमा हामी कहाँ कुनै पक्षले मौखिक रुपमा समेत अहिलेसम्म भनेको छैन । त्यो हामीले हेर्ने मुद्धा समेत हैन, तरपनि कसैले मलाई सोधेमा उचित सल्लाह समेत दिन सकिन्थ्यो । बालिकाको मृत्यु भएको छ तर उसको सामाजिक रुपमा उसको बेइज्जत भइरहेको छ । मृत्युपछि पनि उसको इज्जत नहुने हो ? उसको अधिकारको कसले ख्याल गर्ने ? यो जातियताको घटना नै हैन । केटीको घरमा केटा गएर बसेको देखेपछि घटना भएको सुनेकी छु । केटीको मृत्यु भएको छ, केटा कुटिएको भन्ने छ, त्यसैले घटनाको गम्भीर अनुसन्धान गरेर दोषिलाई कार्वाही गर्न आवश्यक छ ।

- **पदमराज देवकोटा, स्थानीयवासी**

मैले सुने अनुसार केटालाई कुटपिट कसैले गरेको छैन । सानो केटोलाई ६/७ जनाले कुटे त मरिहाल्थ्यो होला । कसैले बीचमा खेलेर हामी मिलेर बसेका दाजुभाइमा लफडा पार्न खोजेको जस्तो लाग्यो । जातिय रुपमा हाम्रो गाउँमा केही समस्या छैन । हामी दाजुभाइ जस्तै मिलेर बसेका छौं ।

- **योगेन्द्रसिंह थापा, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय अछाम**

घटना भएको १२/१४ दिनपछि दुवै पक्षले प्रहरीमा उजुरी दिएका छन् । किशोरीको आत्महत्या भएको भनेर दाहसंस्कार भइसक्यो । प्रहरीमा उजुरी आइसकेपछि घटनाको गहन अनुसन्धान भइरहेको छ । जातिय विभेदसहित कुटपिटमा किशोरी पक्षका ६ जना नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका छौं । आत्महत्या दुरुत्साहनमा प्रकाशको खोजी गरिरहेका छौं । वास्तविक पीडितले न्याय पाउनेगरी हाम्रो अनुसन्धान भइरहेको छ ।

- **डा. मनोज विष्ट, निमित्त प्रमुख, जिल्ला अस्पताल, अछाम**

केशरीको शव पोष्टमार्टम गरेर हामीले रिपोर्ट जिल्ला प्रहरी कार्यालय अछाममा बुझाइ सकेका छौं । हामीले पोष्टमार्टम रिपोर्टका बारेमा बाहिर बोल्न मिल्दैन । तपाईंहरूले पोष्टमार्टमको रिपोर्ट चाहिएमा जिल्ला प्रहरी कार्यालयबाट लिनुहोला ।

- **सरस्वती नेपाली, अध्यक्ष, दलित महिला संघ**

  यो घटना जातियतातिर कुनै हालमा हैन । केशरीसँगै प्रकाश सुतेका कारण घटना भएको मैले सुनेकी छु । प्रकाशकै कारण केशरी मर्न बाध्य भएकी हो । प्रकाश सामान्य कुटिनुको कारण अर्काको घरमा गएर हो ।

- **अर्जुन लुहार, रामारोशन गाउँपालिका-३ शान्तडा (प्रकाशको पक्षमा वकालत गरिरहेका व्यक्ति)**

  दुखद घटना दुवैतिर भएको छ । प्रकाश र केशरी एकसाथ कोठामा भेटिका कारण घटना भएको बुझिन्छ ।  केशरीको मृत्यु भइसकेको छ भने प्रकाशमा जातिय विभेद भएर कुटपिट गरिएको छ । घटनाको सत्यतथ्य छानविन भएर पीडित पक्षले न्याय पाउनपर्छ । प्रकालाई एकलाख १५ हजार जरिवाना तिराइएको सुनिएको छ त्यो फिर्ता हुन पर्‍यो र उसको दीर्घकालिन सुरक्षा हुन पर्‍यो । यस घटनालाई जातियतातिर लिन भन्दा केशरीको मृत्युको कारण र प्रकाश कुटिएकोमा न्यायको आश्वयकता छ ।

**गिरफ्‌तार भएका व्यक्तिहरूको विवरणः**

रामारोशन गाउँपालिका-२ चाफामाण्डौका ३४ वर्षीय रामबहादुर रावल (केशरीका दाई) सोही वार्डका २६ वर्षीय दीर्घ रावल, १९ वर्षीया दिलु रावल, २७ वर्षीय सुरेश रावल, २१ वर्षीय विनय रावल र २६ वर्षीय गोकुल रावल रहेका छन् । गिरफ्‌तार गरिएका सबैलाई जिल्ला प्रहरी कार्यालय अछामको मंगलसेनस्थित हिरासतमा राखिएको छ ।